जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २६७ पृष्ठः ४ | २०८२ फाल्गुन ०४ सोमबार (Monday 16 Feb. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## ‘चुरे संरक्षणको माग प्राथमिकतामा राखियोस्’

**जीवछ यादव**

लहान, ३ फाल्गुन। आसन्न प्रतिनिधिसभा निर्वाचनको तिथि नजिकिँदै जाँदा वन तथा वातावरण क्षेत्रका अगुवाले चुरे संरक्षणको मागलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन्। चुरेको संरक्षण नगरिए तराई–मधेसका भूभाग मरुभूमीकरण भई मानव जीवन नै संकटमा पर्ने भएकाले यस विषयलाई चुनावी एजेन्डा बनाउनुपर्नेमा उनीहरूको जोड छ। वन तथा वातावरणविद् दिनेश यादवले तीनै तहका सरकारले चुरे संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले भन्नुभयो, “चुरे पर्वतको भू–बनोट एक पटक नोक्सान भयो भने फेरि पुरानै अवस्थामा फर्काउन सकिँदैन। त्यसैले यसको संरक्षण अपरिहार्य छ।”

तराई–मधेसको १५ प्रतिशत उर्वर भूमि बाढीका कारण कटान भइरहेको अवस्थामा कृषि भूमि जोगाउन संघीय सरकार जति गम्भीर हुनुपर्थ्यो, त्यति नदेखिएको उहाँको गुनासो छ। चुरे क्षेत्र संरक्षणका चुनौतीमध्ये मानवीय गतिविधि, बढ्दो बस्ती र अनियन्त्रित चरिचरनलाई रोक्न राजनीतिक दल र उम्मेदवारको प्रतिबद्धता आवश्यक रहेको लहान–१५ का पूर्वप्रधानाध्यापक दोस्तबहादुर भट्टराईले बताउनुभयो। उहाँले थप्नुभयो,



“केही दशकयताको वन विनाशले चुरे पर्वत नाङ्गो देखिन थालेको छ। अब यसको संरक्षणका लागि चुनावी घोषणापत्रमै ठोस योजना आउनुपर्छ।”

चुरे क्षेत्रलाई हराभरा राख्न र चुरे पर्यटन प्रवर्द्धनका लागि तीनै तहका सरकारले दायित्व लिनुपर्ने लहान–१५, भ्वाइँ खोल्सीका अध्यक्ष लगनलाल चौधरीले बताउनुभयो। “यस पटकको निर्वाचनमा चुरे संरक्षणको विश्वसनीय आधार र प्रतिबद्धता जनाउने उम्मेदवारलाई नै मत दिने हाम्रो सोच छ,” उहाँले भन्नुभयो। मधेस प्रदेशको समृद्धिको आधार कृषि र कृषिको मुख्य स्रोत चुरे संरक्षण नै रहेको कृषि ज्ञान केन्द्र, सिरहाका प्रमुख नरेन्द्र महासेठले बताउनुभयो। उहाँका अनुसार पारिस्थितिक

–बाँकी तीन पेजमा

## शिवालयमा भक्तजनको घुइँचो



**विनय कर्ण**

सप्तरी, ३ फाल्गुन। सप्तरीका विभिन्न शिवालयमा आइतबार बिहानैदेखि दर्शनार्थीको घुइँचो लागेको छ। महाशिवरात्रिका अवसरमा पूजापाठ गर्न हजारौँको संख्यामा भक्तजन जिल्लास्थित विभिन्न शिवमन्दिर पुगेका हुन्। सप्तरीका प्रसिद्ध शिवालयहरू राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिर, शम्भुनाथको शम्भुनाथ मन्दिर, धरमपुरस्थित धर्मेश्वर महादेव मन्दिर, भेडियामठको महादेव मन्दिर र महादेवाको अंकुरी महादेव मन्दिरलगायतमा बिहानैदेखि शिवभक्तहरू लामबद्ध भई पूजाअर्चना गरेका छन्।

फागुन कृष्णपक्षको चतुर्दशी तिथिमा पर्ने महाशिवरात्रिमा उपवास, रात्रि जागरण, चार

–बाँकी तीन पेजमा

## चुरे संरक्षण गर्न मतदाताको माग

**जीवछ यादव**

लहान, ३ फाल्गुन। आसन्न प्रतिनिधिसभाको निर्वाचनको तीथि नजिकिँदै जाँदा चुरे संरक्षणको मागलाई पनि वन तथा वातावरण क्षेत्रका अगुवाहरुले प्राथमिकतामा राख्नुपर्ने माग गरेका छन्। चुरेको संरक्षण गरिएन भने तराई मधेशका भूभाग मरुभूमिकरण भइ मानव जीवन नै सङ्कटमा पर्न थाल्ने भन्दै मागलाई प्राथमिकतामा राख्न माग गरिएको छ। वन तथा



वातावरणविद दिनेश यादवले तीनै तहको सरकारले चुरे संरक्षणलाई प्रागमिकतामा राख्नुपर्ने आवश्यक्ता भएपनि सङ्घीय निर्वाचनको समयमा यस विषयलाई प्राथमिकताको साथ उठाउनुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, “चुरे पर्वतको भू–वनावट एक पटक नोक्सान भयो भने फेरि पुरानै अवस्थामा फर्काउन सकँदैन। तसर्थ, यसको संरक्षण आवश्यक छ।” तराई मधेशको १५ प्रतिशत उर्वरभूमि बाढीको कारण कटान भइरहेको अवस्थामा कृषि भूमिलाई जोगाउन सङ्घीय सरकार जति गम्भीर हुनुपर्दथ्यो, त्यति नदेखिएकाले यस पटकको निर्वाचनमा यो विषयको सम्बोधन हुनुपर्ने हाम्रो माग रहेको उहाँले सुनाउनुभयो।


चुरे क्षत्रको संरक्षणको लागि देखिएको चुनौतीमध्ये मानवीय गतिविधि, चुरे क्षेत्रमा बढिरहेको मानवीय वस्ती र चरिचरणलाई रोक्न आवाज उठाउने दल र उम्मेदवारको घोषणापत्र महत्पूर्ण

–बाँकी तीन पेजमा





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812



# सम्पादकीय

## बंगलादेशमा बीएनपीको बहुमत

नेपालमा भन्दा पहिले 'जेन–जी' विद्रोह भएको बंगलादेशमा संसद्का लागि निर्वाचन पनि पहिले नै भयो।  अपदस्थ प्रधानमन्त्री शेख हसिनाको दल आबामी लिगलाई सहभागी हुन प्रतिबन्ध लगाइएको निर्वाचनमा लामो समय प्रमुख विपक्षी रहेको बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी)ले दुई तिहाइभन्दा बढी स्थानमा जितेको घोषणा गरिएको छ। संसद्का २९९ स्थानमा बीएनपी र उसका सहयोगीहरूले कम्तीमा २१२ सिट जितेका छन् भने विपक्षी जमात–ए– इस्लामी र उसका सहयोगीहरूले ७७ सिट जितेका छन्। शेख हसिनाको सरकारविरुद्ध आन्दोलन गर्ने युवाको पार्टीले पनि जमातसँग गठबन्धन गरी चुनाव लडेको थियो। बीएनपी करिब दुई दशकपछि सत्तामा फर्किएको छ।

बीएनपीको जितले बंगलादेशमा अस्थिरता अन्त्य गर्ने अपेक्षा अन्तर्राष्ट्रिय समुदायले गरेको छ। सम्भवतः  बीएनपीका नेता तारिक रहमान प्रधानमन्त्री बन्नेछन्। उनका पिता जियाउर रहमान र आमा हसिना बाजेद बंगलादेशका राष्ट्रपति र प्रधानमन्त्री अर्थात् कार्यकारी प्रमुख थिए। यसैले १७ वर्षको निर्वासनपछि फर्केका तारिक बंगलादेशको सत्ताका लागि नौला भने होइनन्। बंगलादेश पाकिस्तानबाट सन् १९७१ मा अलग भएपछि स्वतन्त्रता संग्रामका हस्तीहरू शेख मुजिवुर रहमान र जियाउर रहमानकै परिवारको शासन रहेको छ भन्नु अत्युक्ति हुँदैन। यद्यपि, केही वर्ष हुसेन महम्मद एर्सादले पनि शासन गरेका थिए। निर्वाचित वा सैनिक शासन जे भए पनि लोकतान्त्रिक भने हुनसकेको छैन।

यसैले बीएनपीको सरकार बनेपछि बंगलादेशको लोकतन्त्र फस्टाउला भन्ने विश्वास गर्न सकिँदैन। तर, धार्मिक कट्टरपन्थी र अराजक समूहको गठबन्धनले चुनाव जितेको भए सम्भवतः शान्ति र स्थिरता पनि थप जोखिममा पर्ने थियो। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बीएनपीका नेतालाई शीघ्रतापूर्वक बधाई दिनुको कारण पनि सम्भवतः यही हो। बीएनपी र अहिले संसद्मा दोस्रो स्थान हासिल गर्ने धार्मिक कट्टरपन्थी जमात पहिले सत्तामा रहँदाका सहयात्री हुन्। शेख हसिनाको अपेक्षाकृत धर्मनिरपेक्ष तथा अल्पसंख्यक समुदायप्रति उदार शक्ति र राष्ट्रवादी तथा धार्मिक कट्टरपन्थी समूहबीच बंगलादेशको राजनीतिमा प्रतिस्पर्धा रहिआएको छ। यसैले बीएनपी स्वयंको छवि कट्टरपन्थी नभए पनि आगामी सरकार अल्पसंख्यकप्रति असहिष्णु र अनुदार हुनसक्ने जोखिम भने बलियो देखिन्छ।

पाकिस्तानविरुद्ध स्वतन्त्रता संग्रामको नेतृत्व गर्ने शेख मुजिबको पार्टी आबामी लिगमाथि प्रतिबन्ध लगाइएको छ। अन्तरिक सरकारले भारतसँगको निकट मैत्री सम्बन्ध र साझेदारीलाई असमझदारी र एकहदसम्म शत्रुतापूर्ण बनाएको मानिन्छ। यसैले बङ्गलादेशमा चुनाव हुनेबित्तिकै शान्ति, स्थिरता र प्रगतिको युग आरम्भ हुने विश्वास गर्नु मूर्खता हुनेछ। अल्पसंख्यकहरूप्रति सहिष्णु र उदार हुनुका साथै शेख हसिनाको पछिल्लो कार्यकाल बंगलादेशको आर्थिक उन्नतिको पर्याय बनेको थियो। बंगलादेशले हसिनाको कार्यकालमा आर्थिक प्रगति र भौतिक संरचना निर्माणमा चमत्कारै गरेको मानिन्थ्यो। तर, उनलाई अपदस्थ गरिएपछि बनेको सरकार अल्पसंख्यकप्रति अनुदार हुनपुगेको देखियो भने आर्थिक विकास पनि अवरुद्ध र भताभुङ्ग भएको छ।

अब बीएनपीका तारिक रहमानले सरकार बनाए भने जमात –ए–इस्लामी विपक्षमा रहनेछ। प्रतिबन्ध लागे पनि व्यापक संगठन भएको प्रमुख दल आबामी लिग अझै सशक्त नै हुनुपर्छ। देशमा शान्ति र विश्वास कायम नभई खजमजिएको आर्थिक प्रगतिलाई गति दिन पनि सजिलो पक्कै हुनेछैन। भारतलगायतका देशहरूसँग सम्बन्ध सुधार गर्न पनि पक्कै सहज हुनेछैन। जमातको सम्बन्ध अन्तर्राष्ट्रिय कट्टर इस्लामी समूहहरूका साथै पाकिस्तानी गुप्तचर संस्थासँग पनि रहेको मानिन्छ। बंगलादेशी सरकारकै सहमा कट्टरपन्थी गतिविधि बढेमा अन्तर्राष्ट्रिय समुदाय थप सशङ्कित हुनसक्छ। यसैले बीएनपीका आगामी दिनहरू निकै चुनौतीपूर्ण देखिन्छन्। नेपालको जेन–जी आन्दोलनलाई बंगलादेशकै विद्रोहबाट प्रेरित मान्नेहरू ठूलै संख्यामा छन्। नेपाललाई 'बंगलादेश बनाइदिने' धम्की दिनेहरू पनि धेरै नै थिए। धम्की दिनेहरूकै हात कति छ भन्ने त निश्चित छैन तर विध्वंसका आधारमा त बन्यो पनि। अब बंगलादेशको निर्वाचनपछि पनि केही उत्साहित भएको देखिएको छ। तर, नेपाल र बंगलादेशबीच समानतासँग असमानता पनि छन्। कम्तीमा नेपालमा बंगलादेशको हदको अतिवादको समर्थक जमात देखिँदैन। यद्यपि, नेपाली मतदाताले पनि बंगलादेशीहरूजस्तै स्थिरताको पक्षमा मत व्यक्त गर्ने अपेक्षा भने गर्न सकिन्छ। बंगलादेशलाई शान्ति, स्थिरता र प्रगतिको शुभकामना !

# लोकतन्त्र कि नवसामन्तवाद ?



**गोविन्द अधिकारी**

नेपाली युवाले 'भ्यालेन्टाइन डे' मनाउन थालेको धेरै भएको छैन। तर, माया त त्यसभन्दा पहिले पनि लाउँथे। अर्थात्, प्रेम गर्थे। अलिअलि लेखपढ गर्न जान्नेहरू चिठी लेख्थे मायालुका नाममा। जति नै राम्रो भए पनि चित्त नबुझ्ने हुन्थ्यो। अनि लेख्दै कच्याककुचुक पार्दै फाल्दै। कहिले काहीँ पहिले लेखेकै प्रेमपत्र राम्रो लाग्थ्यो। अनि कच्याककुचुक भएको तर नच्यातिएको पत्र खोजखाज गरेर काम चलाइन्थ्यो। नेपालको संविधान, २०७२ यस्तै कच्याककुचुक पारिएको प्रेमपत्रजस्तै भएको छ अहिले।

अगिल्लो शृंखलाको पछिल्लो पुस्ता (जेड जेनरेसन ( जेन–जी)) को गरेको भनिएको आन्दोलनले जनताले बनाएको संविधानलाई त्यसरी नै कच्याककुचुक बनाइदियो। तर, अर्को उपाय नभएपछि (यसबीच अनेकौं षड्यन्त्र गर्न खोजियो भन्नेहरू पनि छन् स्पष्टरूपमा देखिएको भने राष्ट्रपति रामचन्द्र पौडेल नमानेपछि ) यही संविधानबाट काम चलाइयो। पूर्वप्रधान न्यायाधीश सुशीला कार्की प्रधानमन्त्री नियुक्त भइन्। उनको सरकारले चुनाव गराउन लागेको छ। अहिलेसम्म चुनाव हुँदैन भन्नुपर्ने केही देखिँदैन। (नेकपा (एमाले) अध्यक्ष खड्गप्रसाद ओलीले के देखेका छन् कुन्नि चुनाव हुँदैन कि भन्ने शंका गरेका गरेकै छन्।)

चुनावले देशलाई निकास दिनुपर्छ। कम्तीमा जेन–जी आन्दोलनले उठान गरेका सबालहरूको सम्बोधन गर्नुपर्छ। आन्दोलनमा र पछि त के के भयो भयो तर आन्दोलनभन्दा पहिले त जेन–जीका नामबाट उठाइएका विषयहरूमा लोकतान्त्रिक प्रणालीको विरोध थिएन। अहिलेको संविधान र शासन व्यवस्थाको पनि विरुद्ध थिएन विद्रोह। जेन–जी आन्दोलन शासकहरूको जवाफदेहीको खोजी र विधिको शासनका निम्ति थियो भन्ने देखिन्छ। यस्तै उनीहरूले भ्रष्टाचार र नातावाद (नेपोबेबी), कृपावादको अन्त्य पनि खोजेका थिए। राजनीतिक ठालुतन्त्रको अन्त्य उनीहरूले भन्न खोजेको तर स्पष्ट भन्न नजानेको माग थियो।

भ्रष्टाचार र नातावाद, कृपावाद ठालुतन्त्रको सहउत्पादन हो। ठालुतन्त्रका राजनीतिक दलका नेताको हुर्काएका हुन्। यसैले जेन–जीको माग सम्बोधन गर्ने हो भने राजनीतिक दलहरू सञ्चालनमा मूलतः विधि र व्यवहार दुवैमा परिवर्तन गरिनुपर्छ। धेरै दलको घोषणापत्र त सार्वजनिक भएको छैन तर दलभित्रको विसङ्गति र आफ्नो एकल स्वामित्व कायम राख्न नै नेताहरू प्रवृत्त रहेको देखिएको छ। अर्थात्, सरकार र राज्यमा सुधार गर्नुपर्ने त नेताहरूले देखेको देखियो तर आफूभित्रको विकृति भने उनीहरू अधिकांशले सायद देखेनन्।

अहिलेको संविधान प्रतिस्थापन गर्ने वा पुनर्लेखन गर्ने भन्नेहरू धेरै छैनन्। गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको विरोध गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत संसदीय लोकतन्त्रको विपक्षमा छैन। यस्तै, मधेसवादी भनिनेहरू संविधानलाई सत्तोसराप गर्छन् तर झापादेखि कञ्चनपुरसम्म एउटै प्रदेश बनाउनुपर्छ भन्नेबाहेक उनीहरूले अरू स्पष्ट केही भन्न सकेका छैनन्। यो पनि चुनावमा भोटमाग्ने अरू आधार केही नभएकाले भनेको भान हुन्छ। तराईका २२ जिल्लाकै प्रदेश बनाएर उनीहरू सायद सबैलाई मधेसजस्तै बनाउन चाहन्छन्। मधेस प्रदेशको मात्र होइन स्थानी तहका विभिन्न पालिकाको अवस्था हेर्ने हो भने त अहिलेका ८ जिल्ला पनि सँगै रहुन्जेल विकास नहुने जस्तो पो देखिन्छ।

कम्युनिस्टहरूले त घोषितरूपमै अहिलेको व्यवस्थालाई उनीहरूको कथित 'समाजवाद'मा पुग्ने बाटोमात्रै बनाएका हुन्। अर्थात्, प्रयोग गरेका हुन्। उनीहरूलाई राजनीतिक अभ्यासमा सुधार गर्नु पनि पर्छ भन्ने नै लाग्दैन। नत्र, ओलीले अधिवेशन गरेर र पुष्पकमल दाहालले आफ्नो पार्टीको अधिवेशन गर्नुभन्दा टालाटुली बटुली नयाँ पुतली बनाउने भनेझैं गर्ने थिएनन्। कम्युनिस्टहरूका लागि अझै पनि देश भनेको पार्टी, पार्टी भनेको नेता भन्ने नै देखिन्छ। यसैले जेन–जीको आवाज यिनले सुन्नै सक्तैनन्।

पछिल्ला दिनमा देखिएका रास्वपा, उज्यालो, श्रम शक्तिहरूको राजनीतिक सिद्धान्त, प्रणाली र आदर्श नै पनि स्पष्ट छैन। रास्वपाका सिद्धान्तकार (?)ले त 'तिमीहरूको वाद र सिद्धान्तले के दियो' समेत भनेका छन्। थाहा छैन उनीहरू केमा विश्वास गर्छन् ? परिणाममा मात्र हो सायद। प्रक्रियामा विश्वास गर्न थालेपछि विधि, वाद र सिद्धान्त पनि सँगै आउँछन्। लोकतन्त्र यसै पनि प्रक्रियामा आधारित हुन्छ। यिनीहरू सन् १९६०को दशकका 'निर्देशित' वा 'मौलिक' लोकतन्त्रका प्रवर्तकहरूको नयाँ अवतार ध्वनित हुन्छन्। यसै पनि व्यक्ति केन्द्रित यी दलहरूभित्र केमा सुधार गर्नु ? नेता पनि उनै पार्टी पनि उनै।

रहयो – नेपाली कांग्रेस। संसदीय लोकतन्त्रलाई पूरै आत्मसात् गर्ने पार्टी सम्भवतः नेपाली कांग्रेसमात्रै हो। यसैले कांग्रेसले व्यवस्थाको सञ्चालनमा देखिएका विकृति हटाउने मानक मार्गचित्र प्रस्तुत गर्नुपर्छ। कम्तीमा संसदीय लोकतान्त्रिक आचरण के हो भन्ने भन्नुपर्छ र अभ्यास पनि गर्नुपर्छ। अहिले नेतृत्व खुला र प्रतिबद्ध भएकाले सम्भवतः सही अवसर पनि हो पार्टीमा सुधारका लागि। पार्टीको विधान र अभ्यास पनि तात्त्विकरूपमा निर्वासन र आन्दोलनको आवश्यकताअनुसार बनेको छ। संसदीय परम्परा र आदर्श स्थापित गर्ने विधान र अभ्यास छैन।

उदाहरणका लागि अधिकांश विकसित संसदीय लोकतन्त्रमा संसदीय निर्वाचन हारेपछि नेताले पार्टीको नेतृत्व पनि छाड्ने परम्परा नै छ। त्यतिमात्र होइन कतिपयले त जनताले नपत्याएपछि राजनीतिक सक्रियता नै छाडिदिन्छन्। त्यता पार्टी नै डुब्न लाग्दा पनि नेतृत्व नछाडेपछि विशेष महाधिवेसन गरेर हटाउनु पर्दैन।

यसैगरी निर्वाचनमा नेतृत्व गर्ने व्यक्तिलाई पार्टीले अघिल्लो निर्वाचनभन्दा राम्रो गर्दासम्म संसदीय दलमा चुनौती दिइँदैन। चुनाव बिग्रो भने नेताले आफैँ नेतृत्व छाड्छन्। कांग्रेसले यस्ता केही अभ्यासप्रति प्रतिबद्धता जनाएर सुधार गर्ने हो ठालुतन्त्र केही नियन्त्रित हुन्छ भने 'नेपोबेबी'को तमासा पनि घट्छ। बिस्तारै अरू दलहरूमा पनि यसको प्रभाव पर्नेछ। अहिलेसम्म राजनीतिक, आर्थिक, सामाजिक सुधारको नेतृत्व नेपाली कांग्रेसले नै गरेको छ। अब शासन र अनुशासनको पनि नेतृत्व गर्न खोज्नुपर्छ युवा आवाजअनुसार।

र अन्त्यमा अहिले एउटा शब्द चर्चामा आएको छ – निओरोयालिज्म। एउटा एआईका अनुसार यस शब्दले आधुनिक लोकतान्त्रिक प्रणालीभित्र पनि नेताले राजाजस्तै शक्तिशाली, व्यक्तिगत र संस्थाभन्दा माथि रहने शैली अपनाउने प्रवृत्तिलाई जनाउँछ। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वशैलीलाई त्यता नवराजशाही भन्ने गरिएको छ। ट्रम्पले आफूलाई परम्परागत संस्थाहरू (जस्तै न्यायपालिका, मिडिया, प्रशासनिक निकाय) भन्दा माथि राख्ने वा ती संस्थाहरूलाई चुनौती दिने शैली अपनाएपछि उनलाई नयाँराजा भनिएको रहेछ।

त्यसो त उनका समर्थकहरू ट्रम्पलाई बलियो, नियम तोड्न सक्ने, “राष्ट्रलाई बचाउने” व्यक्तिका रूपमा हेर्छन् जो परम्परागत शासन र अनुशासनको सीमाभन्दा बाहिर गएर काम गर्छन्। आलोचकहरू भने यो प्रवृत्ति लोकतन्त्रका आधारभूत मान्यता शक्ति सन्तुलन, कानुनी शासन र संस्थागत नियन्त्रणका लागि खतरनाक छ भन्छन्। यस्तो प्रवृत्तिले लोकतान्त्रिक संस्थाहरू र राजनीतिक संस्कृति ध्वस्त हुने चेतावनी पनि तिनले दिएका छन्।

बाह्रखरीबाट

# बारामा पुराना दलसँग मतदाता वाक्क, नयाँप्रति अन्योल

**शारदा पोखरेल**

बारा, ३ फाल्गुन। निर्वाचन मिति नजिकिँदै जाँदा मतदाताहरूमा कस्तो उम्मेदवार चयन गर्ने भन्ने अन्योल देखिएको छ। पार्टी निकटका कार्यकर्ताबाहेक आम नागरिकहरू पुराना दलहरूको कार्यशैलीबाट दिक्दार छन् भने नयाँ दलका उम्मेदवारलाई विश्वास गरिहाल्ने/नगर्ने भन्ने विषयमा अन्योलमा छन्। जेनजी आन्दोलनपछि हुन लागेको निर्वाचनमा धेरै मतदाताहरू यसपटक मत फेर्ने मानसिकतामा देखिन्छन्, तर नयाँ दलभित्र पनि कसलाई मत दिने भन्ने निर्णय लिन सकेका छैनन्। कोल्हवी नगरपालिका वडा नं. ९ का गणेशप्रसाद चौधरीले नयाँ पार्टीको चुनावी एजेण्डा, सिद्धान्त र नीति के हो भन्ने कुरा जनताले थाहा पाउनुपर्ने बताए।

‘भदौ २३ र २४ गते जेनजी आन्दोलन कहाँबाट सुरु भयो ? सिंहदरबार र सर्वोच्च अदालत कसले जलायो? जनतालाई जवाफ दिनुपर्छ,’ चौधरीले भने, ‘बालेनको पहिला कुर्सीको पछाडि ग्रेटर नेपालको नक्सा थियो, अहिले किन हटाइयो ?’ २०४८ सालदेखि बाराको चारवटै निर्वाचन क्षेत्रमा नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्व थियो। २०६४ पछि माओवादी केन्द्र र २०७० पछि मधेसवादी दलहरू नेतृत्वमा आए।

अहिले जेनजी आन्दोलनपछि राष्ट्रिय स्वतन्त्र पार्टी ह्वात्तै चर्चामा आएको छ। ग्रामीण भेगका सामाजिक सञ्जाल प्रयोगकर्तामार्फत रास्वपा जनस्तरसम्म चर्चामा पुगेको हो।

नयाँ दलहरूमध्ये बढी चर्चामा आएको रास्वपाको तडकभडक पनि पुराना दलहरूको भन्दा फरक नभएको चौधरीको भनाइ छ। आदर्शकोतवाल गाउँपालिका वडा नं. ५ का रामदत्त भगतले पुराना पार्टीहरूले जनताको समस्या नबुझ्दा गाउँमा नयाँ पार्टी जिताउने अभियान सुरु भएको बताए। ‘पुराना पार्टीलाई धेरै पटक जितायौं, केही भएन। यसपटक नयाँ पार्टीलाई भोट दिने हो,’ भगतले भने, ‘सबै जनताको चित्त दुखेको छ। कांग्रेस र एमालेले विकास

–**बाँकी तीन पेजमा**

## बारामा पुराना..

गर्ने भए अहिलेसम्म गरिसक्थे।' बारागढी गाउँपालिका वडा नं. ५ का अर्का स्थानीय श्यामबाबु यादवले किसानले मल र बिउका लागि भारतकै भर पर्नुपर्ने बाध्यता भएको सुनाए।

'भारतबाट मल र बिउ आएन भने यहाँ खेती नै हुँदैन। के खान्छ मान्छेले? नेपाल सरकारबाट समयमा मल र बिउ पाइँदैन,' उनले भने, 'गाउँपालिकाले बिउ बाँड्छ, तर राम्रो फल्दैन।' अर्का स्थानीय हृदयनारायण यादवले यसपटक चुनावमा कसलाई भोट दिने भन्ने विषयमा स्थानीयहरूबिच अन्योल देखिएको बताए। 'भोट घन्टीलाई दिने भन्छन्, तर उम्मेदवार नै को हो ? यिनीहरूले जितेर के गर्छन्, थाहै छैन,' उनले भने, 'गाउँमा जितेपछि यो गर्छु/त्यो गर्छु भनेर आफ्नो एजेन्डा बताउन कोही नेता आएको छैन।' बारा–१ का किसानहरूले उत्पादन गरेको तरकारी बिक्री गर्ने निश्चित स्थान हुनुपर्ने र उचित मूल्य पाउनुपर्ने माग गरेका छन्।

यहाँका किसानहरूले उत्पादन गरेको तरकारी तथा फलफूल वीरगञ्जका व्यापारीहरूले आफूखुशी मूल्य तोकेर लैजाने गरेका छन्। जिल्लाबाट धेरै नेता सांसद जितेर मन्त्री तथा उपप्रधानमन्त्रीसम्म भए पनि यहाँका किसानहरूको उत्पादनले कहिल्यै उचित मूल्य नपाएको, मलखाद, बिउ र सिँचाइको सधैं समस्या भोग्नुपरेको यादवको भनाइ छ। कोल्हवी नगरपालिका वडा नं. १ बगनी टोलकी इन्द्र थरुनीले सामुदायिक विद्यालयमा पढाइ राम्रो नभएको, शिक्षकहरूले विद्यार्थीलाई समय नदिने र कक्षाकोठामा राम्रोसँग नपढाउने गरेको गुनासो गरिन्। उनले गाउँमा राम्रो अस्पताल नहुँदा उपचारका लागि वीरगञ्ज र भरतपुर धाउनुपर्ने बाध्यता रहेको बताइन्। कोल्हवी, बारागढी र आदर्शकोतवाल बारा निर्वाचन क्षेत्र नं. १ मा पर्छन्।

२०७९ को निर्वाचनमा यस क्षेत्रमा जसपासँगको गठबन्धनबाट एमालेका अच्युत मैनाली निर्वाचित भएका थिए। मैनालीभन्दा अघि नेपाली कांग्रेसका नेता उमाकान्त चौधरी (२०५६, २०७४), रामअयोध्याप्रसाद यादव (२०७०), मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादव (२०६४) र एमालेका मुकुन्दबहादुर क्षेत्री ( २०४८, २०५१) निर्वाचित भएका थिए। बारा–१ क्षेत्र उत्तरमा चुरेसँग जोडिएको निजगढ नगरपालिका हुँदै कोल्हवी, बारागढी, आदर्शकोतवाल र दक्षिणमा भारतसँग सीमा जोडिएको ऐतिहासिक नगरी सिम्रौनगढसम्म फैलिएको छ।

प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल तथा तराई/मधेसलाई काठमाडौँसँग जोड्ने द्रुतमार्ग पनि यसै क्षेत्रमा पर्छ।यो क्षेत्र उत्तरतर्फ घना वनजंगल, नदीजन्य पदार्थलगायत प्राकृतिक स्रोतसाधनले सम्पन्न छ। यहाँका किसानहरूले व्यवसायिक तरकारी खेती, माछापालन, उखु खेती र जडीबुटी खेती गर्दै आएका छन्। कृषि उत्पादनका लागि आवश्यक मल, बिउ र विषादीका लागि किसानहरू सीमावर्ती छिमेकी मुलुक भारत जाने गर्छन्। यस क्षेत्रमा निजी लगानीका ठूला उद्योगधन्दा छैनन्। सरकारी लगानीमा कोल्हवीमा जडीबुटी प्रशोधन कारखाना सञ्चालनमा छ। यस क्षेत्रमा एक लाख १६ हजार मतदाता छन्। सामुदायिक संरचनामा उत्तरतर्फ चौधरी समुदाय र दक्षिणतर्फ यादव समुदायको बाहुल्य छ। यो क्षेत्रमा नेपाली कांग्रेस र जनता समाजवादी पार्टीबिच नै मुख्य प्रतिस्पर्धा हुने गरेको छ।

फागुन २१ गते हुने निर्वाचनका लागि बारा–१ मा नेपाली कांग्रेसका शम्भु बुढाथोकी, एमालेबाट अच्युत मैनाली, जसपाबाट रामबाबु यादव, नेकपाका सन्तोष दंगाल, रास्वपाबाट गणेश धिमाल, आम जनता पार्टीका विजय यादवलगायत डेढ दर्जन उम्मेदवार छन्। बारागढी गाउँपालिका प्रमुख अशोककुमार जयसवालले बारा–१ मा मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेस र जसपाबिच नै हुने दाबी गरे। उनले पालिकाको बजेटले निर्माण गर्न नसकेको जमुनी खोलाको पुल, बारागढीदेखि रौतहटसम्म जाने १७ किलोमिटर सडक र बारागढी–४ देखि करैयामाई गढीमाई मन्दिरसम्म जाने ७ किलोमिटर सडक संघीय सरकारले निर्माण गरिदिनुपर्ने बताए। 'हाम्रो विकास बजेट जम्मा १०/११ करोड छ। यो पुल र सडक बनाउन ठूलो बजेट लाग्छ,' गाउँपालिका प्रमुख जयसवालले भने, 'पहाडमा ठूलो खर्च गरेर राम्रो बाटो बनेको छ, तर हाम्रो यति सुगम ठाउँमा सरकारको किन भेदभाव?'

उनले अस्थिर प्रदेश सरकारका कारण राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बिचमै बन्द हुँदा ग्रामीण भेगका अधुरा विद्यालय भवन निर्माण कार्य अलपत्र परेको बताए। यता बारा–१ का जसपा उम्मेदवार रामबाबु प्रसाद यादवले यस क्षेत्रको मुख्य समस्या शिक्षा रहेको दाबी गरे। 'मधेसमा सबैभन्दा पहिले शिक्षालाई राम्रो अवस्थामा ल्याउनुपर्छ। त्यसपछि कृषिमा सिँचाइ र मलको ठूलो समस्या छ,' उम्मेदवार यादवले भने, 'हाम्रो भोट एमाले, कांग्रेस र माओवादीभित्र लुकेर बसेको छ। त्यो भोट मलाई आउँछ। अहिले हाम्रो मुख्य प्रतिस्पर्धा कांग्रेससँग हो।' बारा–१ मा सांगठनिक रूपमा बलियो भए पनि नेपाली कांग्रेसभित्रको किचलोका कारण कांग्रेस उम्मेदवार शम्भु बुढाथोकी कमजोर बन्दै गएका छन्।

कांग्रेसका प्रभावशाली नेता तथा पूर्वमन्त्री उमाकान्त चौधरी बुढाथोकीको समर्थनमा खुलेर प्रचारमा देखिएका छैनन्। चौधरी कृष्ण सिटौला समूहका हुन्। गत स्थानीय तह निर्वाचनमा सुरेश खनाललाई पराजित गर्न एमाले उम्मेदवार सुरथ पुरीलाई सहयोग गरेका कारण बुढाथोकी क्षेत्रमा एक्लिएको कांग्रेसनिकट स्रोतले जनाएको छ। हाल बुढाथोकीको समर्थनमा सिम्रौनगढका पूर्व नगरप्रमुख विजयशंकर यादव मात्र सक्रिय छन्। उम्मेदवार बुढाथोकीले भने कांग्रेसभित्र कुनै विवाद नभएको र भएका विवाद छिट्टै समाधान गरी चुनावमा एकजुट भएर अगाडि बढ्ने बताएका छन्।

## चुरे संरक्षण ...

हुने लहान –१५ का पूर्व प्रधानाध्यापक दोस्तबहादुर भट्टइले सुनाउनुभयो। उहाँले थप्नुभयो, "केही दशक यता चुरे क्षेत्रमा रहेको वन विनासले चुरे पर्वत नाङ्गो देखिन थालेको छ। बाढी पहिरोको समस्याले जनजीवनमा नराम्रो असर पर्न थालेको छ। अब यसको संरक्षणका लागि चुनावी घोषणापत्र आवश्यक छ।"

चुरे क्षेत्रमा हराभरा राख्न र समग्र चुरे क्षत्रलाई चुरे पर्यटनको लागि तीनै तहको सरकारले दायित्व लिइनुपर्नेमा अहिलेसम्म गम्भीर रुपमा नलिएकोले चुरे विनासले अब मानवीय जीवन नै सङकटमा पर्न थालेको चुरे क्षेत्रमा रहेको लहान १५ भ्वाई खोल्सीको अध्यक्ष लगनलाल चौधरीले बताउनुभयो। मधेश प्रदेशको समृद्धिको आधार कृषि र कृषिलाई मद्दत गर्ने चुरे संरक्षण रहेकाले पानीको स्रोत भुमि संरक्षण, कृषि र पारिस्थितिक प्रणालीलाई सन्तुलनमा राख्नको लागि चुरे संरक्षणको विषय चुनावी घोषणापत्रले प्राथमिकतामा राख्नुपर्ने कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख नरेन्द्र महासेठले बताउनुभयो। उहाँको अनुसार कृषिको प्राणवायुको रुपमा रहेको चुरे संरक्षणको लागि पहल गर्न सरोकारवाला सरकारको ध्यान केन्द्रित हुन जरुरी छ। चुरेको विनासकै कारण खानेपानीको स्रोत सुक्न थालेकाले चुरे संरक्षणको विषयमा हामी स्थानीय मतदाताहरु यस पटकको निर्वाचनमा विश्वसनीय प्रतिवद्धता खोजिरहेको लहान–१३ का सियाराम यादवले बताउनुभयो।

## शिवालयमा ...

प्रहरको पूजा, शिवलिङ्गमा दुग्धाभिषेक र शिव महिमाको कीर्तन गरी मनाउने धार्मिक चलन रहेको हरिनन्देश्वर महादेव मन्दिर, राजविराजका पुजारी महेश्वर भारतीले जानकारी दिनुभयो। उहाँका अनुसार सप्तकोसी तथा अन्य विभिन्न जलाशयबाट पवित्र जल ल्याएर एक हजारभन्दा बढी काँवरिया भक्तजनले भगवान् शिवलाई जल अर्पण गरेका छन्। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका कतिपय उम्मेदवारले समेत बिहानै विशेष पूजापाठमा संलग्न भई आशीर्वाद ग्रहण गरेको पुजारी भारतीले सुनाउनुभयो। मन्दिर आएका उम्मेदवारहरूले पारिवारिक सुखशान्तिका साथै निर्वाचनमा विजयको आशीर्वाद

# सप्तरी–२ मा पुरानालाई सकस



रामकुमार यादव | मो. जियाउल | सूर्यनाथ यादव | उमेशकुमार यादव | रामजी यादव



डा. सिके राउत | सतीशकुमार सिंह | अनिश अन्सारी | डा. शरदसिंह यादव | डा. दीपक चौधरी

**विनय कर्ण**

सप्तरी, ३ फाल्गुन। विसं २०५६ यता प्रतिनिधि सभा सदस्यमा दोहोऱ्याएर चुनाव नजितेको इतिहास बोकेको सप्तरी निर्वाचन क्षेत्र नं. २ मा यसपालि कसले बाजी मार्ला भनी मतदातामाझ चर्चाको विषय बनेको छ। तत्कालीन सद्भावना पार्टीबाट गजेन्द्रनारायण सिंह सप्तरी–२ बाट २०५६ सालमा चुनाव जित्नुभएको थियो। त्यसयता यस क्षेत्रमा दोहोरिएर कुनै पनि उम्मेदवार विजयी हुन नसक्नुले यतिबेला पुरानै इतिहास कायम रहने कि नयाँ उम्मेदवारले बाजी मार्ने मतदातामाझ चर्चाको विषय बनेको हो।

यस क्षेत्रमा इतिहास नदोहो–याउने परम्पराले दोहो–याएर चुनाव लडेका उम्मेदवारमाथि मनोवैज्ञानिक दबाब रहेको अधिवक्ता अशोककुमार चौधरीले बताउनुभयो। फागुन २१ मा हुने निर्वाचनमा यस क्षेत्रमा नेपाली कांग्रेसबाट रामकुमार यादव, नेपाली कम्युनिस्ट पार्टीबाट सूर्यनाथ यादव, नेकपा (एमाले) बाट मो. जियाउल, जनता समाजवादी पार्टी नेपालबाट पूर्वमन्त्री उमेशकुमार यादव, राष्ट्रिय स्वतन्त्र पार्टीका ई. रामजी यादव, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, जनअधिकार पार्टीका अध्यक्ष शरदसिंह यादव, नेपाल जनता पार्टीका महामन्त्री रञ्जु ठाकुर, स्वाभिमान पार्टीबाट मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतीशकुमार सिंह चुनावी प्रतिस्पर्धामा उत्रिनुभएको छ। यस्तै राष्ट्रिय मुक्ति पार्टीबाट पूर्वमन्त्री अनिश अन्सारी, उज्यालो नेपाल पार्टीका डा. दीपक चौधरी पनि चुनावी मैदानमा उत्रिएकाले प्रतिस्पर्धा रोचक हुने बताइएको छ।

२०४८ र २०५१ सालको निर्वाचनमा तत्कालीन सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंह निर्वाचित हुनुभएको थियो तर २०५६ सालको निर्वाचनमा उहाँ नेपाली कांग्रेसका उम्मेदवार रामकुमार चौधरीसँग मात्र १७ मतान्तरले पराजित हुनुभयो। त्यसयता यस क्षेत्रमा कुनै पनि उम्मेदवारले लगातार जित हात पार्न सकेका छैनन्। २०६४ को संविधान सभा निर्वाचनमा यस क्षेत्रबाट राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीबाट महेश यादव, २०७० मा नेकपा माओवादीबाट उमेशकुमार यादवले यस क्षेत्रबाट चुनाव जित्नुभएको थियो।

२०७४ को प्रतिनिधि सभा निर्वाचनमा तत्कालीन संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव विजयी हुनुभएको थियो। उहाँहरूमध्ये कोही पनि दोहोऱ्याएर त्यहाँ चुनाव जित्नुभएको छैन। २०७९ को निर्वाचनमा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतबाट पराजित हुनुभएका अध्यक्ष यादव बारा–२ को उपनिर्वाचनबाट संसद् बन्नुभएको थियो। यस पटक अध्यक्ष राउत पुनः उम्मेदवार बन्नुभएको छ। यो क्षेत्रको इतिहास सन्तोषजनक नरहेका कारण अध्यक्ष राउतलाई पनि त्यसले पिरोलिरहेको स्थानीय मतदाता बताउँछन्।

आफूले विगतमा गरेका काम र आममतदाताको चाहना अनुसार नै आफूले पुनः चुनाव जित्ने दाबी उहाँले गर्नुभएको छ। जनमत पार्टीमै रहेर उहाँसँगै काम गरेका मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सिंह, पार्टीका प्रवक्ता रहिसकेका डा. शरदसिंह यादवले अध्यक्ष राउतलाई चुनौती दिइरहनुभएको छ ।

नेकपा माओवादी परित्याग गरेर जसपा नेपालबाट उम्मेदवारी दिएका उमेशकुमार यादव डा. राउत जस्तै चुनाव जितेर इतिहास बदल्ने दाउमा रहनुभएको छ भने विगतको तालमेल र गठबन्धनका कारण कांग्रेसले १२ वर्षपछि यस क्षेत्रबाट उपसभापति रामकुमार यादवलाई चुनावी मैदानमा उतारेको छ। उहाँ पनि लामो समयपछि आफ्नो पार्टी एक्लै चुनावमा होमिएको हुँदा मतदाता निकै उत्साहित रहेको बताउनुहुन्छ।

यता परिवर्तनको नारा दिँदै रास्वपाका ई. यादव तथा उज्यालो नेपाल पार्टीका डा. चौधरी पनि नयाँ अनुहार जित्ने विश्वासका साथ मतदातामाझ पुग्दै आउनुभएको हो। एक लाख पाँच हजार ९२२ मतदाता रहेको यस क्षेत्रमा आमजनता पार्टीका सुनीलराज दास, राष्ट्रिय प्रजातन्त्र पार्टीका अजय दास, नेपाल मजदुर किसान पार्टीका नीलमकुमारी यादव, नेपालका लागि नेपाली पार्टीका इन्द्रसागर गुप्ता, लोकतान्त्रिक जनाधिकार पार्टीका लोकतान्त्रिक पार्टीका बलराम यादवसहित ३४ जना उम्मेदवार चुनावी मैदानमा छन्। राजविराज नगरपालिका, छिन्नमस्ता, महदेवा र तिलाठी कोइलाडी गाउँपालिका गरी चार पालिका रहेको यस क्षेत्रका मतदाता सचेत रहेका हुँदा विगतदेखि नै परिवर्तनको पक्षमा रहँदै आएको निर्वाचन परिणामबाट देखिएको उहाँले बताउनुभयो।

थापेका थिए।

पर्वको राजा मानिने महाशिवरात्रिबाट भोग र मोक्ष दुवैको प्राप्ति हुने 'शिवमहापुराण' को कोटीरुद्र संहितामा उल्लेख छ। शिवरात्रिका दिन फूलमाला, बेलपत्र, धतुरो, पञ्चामृत र गंगाजल आदिले शिवको पूजा गर्नाले विशेष पुण्य प्राप्त हुने जनविश्वास रहिआएको छ।

## 'चुरे संरक्षणको ...

प्रणाली सन्तुलनमा राख्न चुरे संरक्षणलाई चुनावी घोषणापत्रमा प्राथमिकता दिनुपर्छ। चुरे विनाशकै कारण खानेपानीको स्रोतसमेत सुक्न थालेकाले मतदाताहरूले यस पटक उम्मेदवारसँग विश्वसनीय प्रतिबद्धता खोजिरहेको लहान–१३ का सियाराम यादवले सुनाउनुभयो।

# दुर्घटना हुँदा श्रीमान श्रीमतीको ज्यान गयो

काठमाडौं, ३ फाल्गुन। रौतहटमा मोटरसाइकल दुर्घटना हुँदा श्रीमान्–श्रीमतीको ज्यान गएको छ। दुर्गाभगवती गाउँपालिका–४ गौर–गंगापिपरा सडकखण्डको झाझपुल नजिकै आज बिहान मोटरसाइकल दुर्घटनामा हुँदा दुई जनाको ज्यान गएको हो। जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी विष्णुप्रदीप बस्यालका

**–बाँकी अन्तिम पेजमा**

# महिलाको प्राथमिकतामा पर्न सकेनन् महिला उम्मेदवार



**सुधा देव**

सप्तरी, ३ फाल्गुन। सप्तरीको महिलाको प्राथमिकतामा महिला उम्मेदवार पर्न सकेको छैन। ३३ प्रतिशत महिलालाई आरक्षण दिनुपर्ने महिलाहरूबाट आवाज उठिरहँदा सप्तरीका महिलाहरूले अहिलेसम्म महिला उम्मेदवारलाई प्राथमिकता राख्न नसकेको स्थानीयको भनाइ छ। पार्टीमा आबद्ध भएका अधिकांश महिलाहरू यतिबेला आफ्नो पार्टीबाट प्रतिनिधि सभाका चुनावका लागि उम्मेदवार भएका उम्मेदवारलाई सघाउन घरदैलो कार्यक्रम र चुनावी प्रचारप्रसारमा व्यस्त रहँदै आएको स्थानीय मतदाता कृतिका यादवले बताउनुभयो। उहाँले भन्नुभयो, महिलाले महिला उम्मेदवारलाई समर्थन र सहयोग गरेको देखिँदैन।

यस पटक जिल्लाको इतिहासमा पहिलोपटक प्रतिनिधि सभाको निर्वाचनका लागि २० जना अर्थात कुल उम्मेदवारको १९.०४ प्रतिशत महिलाले उम्मेदवारी दिनुभएको छ। जसमध्ये ७ जना राजनीतिक पार्टी र १३ जनाले स्वतन्त्रबाट उम्मेदवारी दिनुभएको हो। जिल्लामा उम्मेदवारी दिनुभएका सबै जना महिला उम्मेदवार पहिलोपटक प्रतिनिधि सभाको निर्वाचनमा होमिनुभएको हो। जिल्लाको क्षेत्र नं २ बाट नेपाल जनता पार्टीबाट उम्मेदवारी दिनुभएका रंजु कुमारी ठाकुरले महिलाको मात्र मत प्राप्त भइदियो भने महिला उम्मेदवारलाई निर्वाचित हुन कसैले रोक्न र छेक्न नसक्ने बताउनुभयो। उहाँले भन्नुभयो, अहिले पनि मधेसका पछाडि परेका महिलाहरूको हक अधिकार सुनिश्चित गर्दै चौतर्फी विकासका लागि संसदमा धेरै भन्दा धेरै महिलाले प्रतिनिधित्व गर्न आवश्यक रहेकोले महिलाको सहयोग महिला उम्मेदवारलाई आवश्यक छ।

महिलालाई जुलुस, सभा, सम्मेलनको आकर्षण र भोट बैंकको रूपमा मात्र नभएर नेतृत्व तहमा पनि प्रतिनिधित्व गर्नुपर्ने आवश्यक भएकोले उम्मेदवारी दिनुभएको महिलालाई प्राथमिकतामा राखेर महिलाहरूले मतदान गरेर निर्वाचित गर्नुपर्ने भएपनि त्यस्तो ब्यबहार महिलाहरूमा नरहेको हनुमान नगर कंकालिनी नगरपालिकाका मतदाता एवं महिला नेतृ शुशिला यादवले बताउनुभयो। जिल्लाको इतिहासमै महिलाले प्रतिनिधिसभा निर्वाचनको लागि पहिलो पटक यति धेरै संख्यामा उम्मेदवारी दिएको राजविराज नगरपालिकाका पूर्व प्रमुख शैलेश चौधरीले बताउनुभयो। उहाँले भन्नुभयो, राजनीतिमा महिलाको आकर्षण बढेको छ भने राजनीतिमा नेतृत्व लिन समेत महिला अगाडि आउनु सकारात्मक भएको बताउँनुभयो। उम्मेदवारी दिएका मध्ये ठाकुर र

कर्ण दुई जना राजनीतिमा पुराने अनुहार भएपनि १८ जना नयाँ अनुहारको रहनुभएको छ। अन्य क्षेत्र भन्दापनि राजनीतिमा महिला सबैभन्दा बढी विभेदमा परेका छन्। राजनीतिक गर्ने उम्मेदवार महिलाको क्षमता र नेतृत्वको सवालमा अझै सवाल उठाई रहेको अवस्था छ। पितृसत्तात्मक सोच अझैपनि समाजमा कायम रहेकोले निर्णय पुरूषको हातमा भएकोले मनले नभएर बाध्यताले अहिलेसम्म महिलाबाट पनि महिला विभेदको सिकार हुँदै आएको बेला राजनीतिक क्षेत्रमा भएका झन विभेद हुदै आएको राजनीतिकमा दुई दशकदेखि सक्रिय रहनु भएकी जनता समाजबादी पार्टीकि नेतृ रमिला साहले बताउनुभयो।

उहाँले भन्नुभयो, पार्टीमा लागेका महिलाले पार्टी प्रति इमानदारिता, पार्टीको जिम्मेवारी र अवसरको सवाल भएकोले पार्टीको महिला उम्मेदवार बाहेकका महिला उम्मेदवारलाई सहयोग गर्ने अवस्था नरहेको बताउनुभयो। अझ राजनीतिक नबुझ्ने महिलालाई घरका पुरूषले निर्देशदिएको उम्मेदवारलाई नै मतदिने हुनाले समस्या भएको हो। राजनीतिको हेरेक पदमा महिलाको संख्यामाको आधारमा आरक्षण नभएसम्म महिला ठाउँमा पुग्न अझै समय लाग्ने उहाँले बताउनुभयो।

# यो चुनाव सामान्य होइन, देशको दिशा तय गर्ने निर्णय हो : नारायणकाजी श्रेष्ठ



सर्लाही, ३ फाल्गुन। नेपाली कम्युनिस्ट पार्टीबाट सर्लाही क्षेत्र नम्बर ३ मा उम्मेदवार बनेका पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले आगामी निर्वाचनलाई सामान्य आवधिक चुनावका रूपमा नलिन आग्रह गरेका छन्। साथै यो चुनावले देशको भविष्य र दिशालाई निर्णायक रूपमा निर्धारण गर्ने उनले बताएका छन्। सर्लाही–३ क्षेत्रमा आयोजित चुनावी भेटघाट तथा सम्बोधन कार्यक्रममा श्रेष्ठले मतदातालाई अपिल गर्दै भने, 'यो चुनावमा केवल भोट हालेर मात्र पुग्दैन, हाम्रो एक–एक मतले नेपालको भविष्य बनाउने वा बिगार्ने क्षमता राख्छ।'

श्रेष्ठले पार्टीले निरंकुश शासन अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न निर्णायक भूमिका खेलेको उल्लेख गरे। उनले दलित, जनजाति, महिला, मधेसी, मुस्लिम, किसान–मजदुर तथा पिछडिएका क्षेत्रका समुदायको अधिकार सुनिश्चित गर्न संविधानमार्फत समावेशीकरण र समानताको आधार निर्माण गरिएको दाबी गरे। उनले संघीयता आएपछि केन्द्रमा मात्र सीमित सरकार अब प्रदेश, स्थानीय तह र वडा तहसम्म विस्तार भएको भन्दै जनताका सेवा–सुविधा आफ्नै ठाउँबाट पाउन सकिने व्यवस्था स्थापित भएको बताए। भ्रष्टाचार नियन्त्रण र सुशासनबारे श्रेष्ठले भुटानी शरणार्थी प्रकरण, ललिता निवास प्रकरण, सुन तस्करीलगायत मुद्दामा कारबाही अघि बढाइएको बताए। 'भ्रष्टाचारविरुद्धको अभियानमा आफ्नै पार्टीका नेता–कार्यकर्तासमेत कारबाहीमा परे,' उनले भने।

मिटरब्याज पीडितको समस्यालाई गम्भीर सामाजिक मुद्दा भन्दै श्रेष्ठले पीडितलाई न्याय दिलाउन आयोग गठन, कानुनी प्रक्रिया र प्रशासनिक पहल गरिएको उल्लेख गरे। श्रेष्ठले राजनीतिक परिवर्तनपछि अबको मुख्य कार्यभार शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सुरक्षा, आवास, खानेपानी, बिजुली, सडक तथा सिँचाइजस्ता जनजीवनका आधारभूत समस्या समाधान गर्दै विकास र समृद्धिको दिशामा अघि बढ्नुरहेको बताए। अन्त्यमा उनले संविधान, गणतन्त्र, संघीयता, समावेशीकरण र सुशासनको रक्षा गर्न आफ्नो पार्टीलाई समर्थन गर्न आग्रह गर्दै सर्लाही–३ का मतदातालाई तारा चिह्नमा मतदान गर्न अपिल गरे।

# नेपालमा बदर मतको दर बढ्दो, मतदाता शिक्षाले घटाउने आयोगको विश्वास

काठमाडौं, ३ फाल्गुन। निर्वाचन आयोगले आजदेखि शुरू भएको मतदाता शिक्षाले बदर मतको प्रतिशत घटाउने अपेक्षा गरेको छ। यस पटक डिजिटल मतदाता शिक्षालाई थप प्रभावकारी बनाइएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताउनुभयो। अघिल्ला तीन चुनावमा बदर मतको प्रतिशत क्रमशः बढ्दै गएको छ। २०७९ सालमा ५ दशमलव १९ प्रतिशत, २०७४ सालमा ५ दशमलव १६ प्रतिशत र २०७० सालमा ४ दशमलव ९६ प्रतिशत मत बदर भएको थियो। २०४८ सालयताका चुनावमा सबैभन्दा कम बदर मत २०५६ सालमा २ दशमलव ७५ प्रतिशत मात्रै भएको थियो। सूचना अधिकारी घिमिरेका अनुसार औसतमा झन्डै ६५ प्रतिशत मत खस्छ भने झन्डै ५ प्रतिशत मत बदर हुन्छ।

बाँके, रोल्पा, सल्यान र जाजरकोटमा ७ देखि ९ प्रतिशतसम्म मत बदर भएको थियो भने मनाङ, मुस्ताङ, हुम्ला र भक्तपुरमा सबैभन्दा कम बदर भयो। छाप ठीक ठाउँमा नपर्ने, दुईतिर पर्ने र लतरपतर हुनेजस्ता समस्याले मत बदर हुने गरेको छ। आयोगले आजदेखि देशभरका ६ हजार ७४३ वटै वडामा मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको छ। आउँदो १७ गतेसम्म चल्ने यो कार्यक्रममा सकेसम्म हरेक मतदाताको घरमा पुग्ने र सामुदायिक विद्यालयमा विद्यार्थीमार्फत पनि शिक्षा दिइने आयोगले जनाएको छ।

## दुर्घटना हुँदा...

अनुसार ज्यान गुमाउनेमा यमुनामाई गाउँपालिका–४ सरुअठाका मोटरसाइकलका चालक २४ वर्षीय जितेन्द्र साह र मोटरसाइकलको पछाडि बस्ने २२ वर्षीया पुनमदेवी साहको ज्यान गएको हो।

दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनालाई अचेत अवस्थामा गौर प्रादेशिक अस्पतालमा उपचारका लागि पठाएकोमा अस्पतालले मृत घोषणा गरेको हो। बिआर ३० यु १३७१ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भएर सिसौंको रुखमा ठोक्किएर दुर्घटना भएको रौतहट प्रहरीले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# जन अपेक्षा पुरा गर्दै देश सम्हाल्ने विषय मुख्य होः सभापति थापा

सर्लाही, ३ फाल्गुन। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले जन अपेक्षा पुरा गर्दै देश सम्हाल्ने विषय मुख्य रहेको बताउनुभएको छ। सर्लाही जिल्ला निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहनुभएका सभापति थापाले आगामी पाँच वर्षमा जन भावना अनुसार सरकारले काम गर्नुपर्ने चुनौती रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "अब सिंहदरबार पनि जल्नु हुँदैन, गोली पनि चल्नु हुँदैन। हामीले कर्तव्यबोध गरेर काम गर्नुपर्छ। सुशासन कायम गर्नुपर्छ। जनता कुशासनले आजित भएका छन्, हामीले सुधार गर्नुपर्ने धेरै कुरा छन्। युवालाई रोजगारी चाहिएको छ, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत विषयमा काम गर्नुपर्ने छ। त्यसैले देश सम्हाल्न राष्ट्रिय दलले कर्तव्य बोध गरेर काम गर्नुपर्ने हुन्छ।"



सभापति थापाले देशमा जोशसँगै होसका साथ र उत्साहसँगै अनुभवका साथ आगामी दिनमा काम गर्नुपर्ने दायित्व रहेको बताउनुभयो। जनतालाई परिणाम दिनुपर्ने समय आएको उल्लेख गर्दै उहाँले अब आनाकानी गर्ने छुट नभएको बताउनुभयो। सबै दललाई साथमा लिएर स्थायित्व हुने काम गर्नुपर्ने सभापति थापाको भनाइ थियो। कांग्रेसले नतिजा दिने गरी काम गर्ने सभापति थापाले बताउनुभयो। सर्लाही–४ का मतदातासँग भेटघाट गर्दै उहाँले प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)